प्रदेश सरकार ☏ ०१०-५२०१०७

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

## बागमती प्रदेश।

धादिङबेंशी, धादिङ ।

# प्रस्ताव आह्वनको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१४

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु ५०% लागत साझेदारीमा सञ्चालन गर्नु पर्ने भएकोले यस जिल्ला भित्रका तोकिएको कार्यक्रम कार्यान्वयन हुने क्षेत्रका इच्छुक पशुपालक कृषक समुह/सहकारी/निजी उद्यमीले यो सुचना प्रकाशित मितिले तीस (३०) दिन भित्र रु.१० को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसुची-२ अनुसारका कागजातहरु, अनुसुची -४ बमोजिमको आवेदन पत्र र अनुसुची-५ बमोजिमको कार्ययोजना संलग्न राखी यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| सि.नं. | कार्यक्रम | लक्ष्य | जम्मा विनियोजित बजेट | कार्यक्रम कार्यान्वयन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | खरायोपालन प्रवर्द्धन कार्यक्रम | १ | १५ लाख | धुनिबेंशी न.पा.वडा नं. ९ भित्र | |
| २ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | १ | १५ लाख | सिद्धलेक गा.पा.वडा नं. ६ भित्र | |
| ३ | साना कृषक लक्षित गाई भैंसी प्रवर्द्धन कार्यक्रम | १५ | १५ लाख | जिल्लाभर | आवेदक कृषक समूह/सहकारी |
| ४ | मझौला कृषक लक्षित गाई भैंसी प्रवर्द्धन कार्यक्रम | ३ | १२ लाख | जिल्लाभर | |
| ५ | चौरी प्रवर्द्धन कार्यक्रम | १ | १५ लाख | रुबिभ्याली गा.पा. भित्र | आवेदकः निजी उद्यमी |
| ६ | स्थानीय खरि बाख्रा संरक्षण र प्रवर्द्धन कार्यक्रम | ३ | ४५ लाख | गंगाजमुना, ज्वालामुखी र नेत्रावती गा.पा. भित्र | |
| ७ | जैविक सुरक्षा सहितको खोर गोठ निर्माण सुधार (गाई/भैंसी/बाख्रा/बंगुर) | ५ | १० लाख | जिल्लाभर | |
| ८ | घाँसेबाली स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम | २ | ४ लाख | जिल्लाभर | |

SA : सूचना प्रविधि शाखा :- website मा upload गरिदिनुहोस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | क्षेत्रफलको आधारमा घाँस उत्पादनमा प्रोत्साहन कार्यक्रम | १५ हेक्टर | ३ लाख ७५ हजार | जिल्लाभर | (क्षेत्रफलको आधारमा शत प्रतिशत अनुदान) |
| १० | कबुलियति वन तथा पशु विकास कार्यक्रम | १ | १० लाख | जिल्लाभर | आवेदक कबुलियती वन समूह/सहकारी |

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरण</u>

१) सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) कृषक/समुह/समिति/निजी उद्यमि दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज),

४) कृषक समुह/सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्वन्धी बैठक निर्णय प्रतिलिपि,

५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र,

६) सम्वन्धित स्थानीय तहको सिफारिस,

७) अनुसुची-७ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

८) समुह/सहकारीले अनुदान माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र टेगाना खुलाइएको पत्र,

९) आवेदकले विगतका वर्षमा सोहि प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र,

१०) कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सुचीमा नपरेको स्वा-घोषणा पत्र,

११) वातावरणीय तथा सामाजिक सुरक्षा सम्वन्धित स्वा-घोषणा पत्र ।

नोटः कार्यक्रम सम्बन्धी अन्य विस्तृत जानकारी कार्यालयको सूचना पाटीबाट वा कार्यालयको फोन नं ०१०-५२०१०७ मा सम्पर्क राखी लिनु हुन अनुरोध छ । पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मन्त्रालयको वेवसाइट https://molmac.bagamati.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

कार्यालय प्रमुख

प्रदेश सरकार फोनः ०१०-५२०१०७

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

बागमती प्रदेश।

धादिङवेशी धादिङ ।

## पशुपन्छी तथा मत्स्य उपकरणका लागि प्रस्ताव आह्वनको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/१४

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौडा अन्तर्गत पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, मातहतको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७५ (चैथो संशोधन) अनुसार पशुपन्छी तथा मत्स्य यन्त्र उपकरणहरु ५० % अनुदानमा प्राप्त गर्न धादिङका पशुपालक कृषक समुह, कृषि/पशुपन्छी सहकारी, निजी पशुपन्छी फार्म/उद्यमीले यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङमा सोही कार्यविधिको अनुसुची ४ बमोजिमको निवेदन तथा प्रस्ताव देहाय बमोजिमका कागजातहरु सहित दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिलः</u> कार्यक्रम अन्तर्गत वितरण गरिने यन्त्र उपकरणहरुः मोटरसहितको च्यापकटर, दाना बनाउने मेशिन, मिल्क क्यान स्टिल, एरिएटर, ग्रास कसर /स्रेडर आदि ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरण</u>

१) रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन,

२) मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,

३) आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपि,

४) संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयवाट गरिने कम्पनी अध्यावधिक भएको पत्र,

५) साझेदारको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि, चालु आ.व.मा करचुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,

६) साझेदारको निर्णय प्रतिलिपि,

७) साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,

८) अधिकार प्राप्त अधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपार्ट साईजको) ।

नोटः कार्यक्रम सम्बन्धी अन्य विस्तृत जानकारी कार्यालयको सूचना पाटीबाट र कार्यालयको फोन नं. ०१०-५२०१०७ मा सम्पर्क राखी लिन सकिने छ । कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७५ (चैथो संशोधन) मन्त्रालयको वेबसाइट **https://molmac.bagamati.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

कार्यालय प्रमुख